संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ २७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर निम्नलिखित मा० सदस्यहरुले सत्ता गठबन्धन दलका एक प्रमुख सचेतकले राष्ट्रिय सुरक्षा तथा स्वाधिनताका सम्बन्धमा उठाउनु भएको विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनलाई जानकारी गराउनु पर्ने, महोत्तरी जिल्लामा चर्को मिटर ब्याजीका कारण त्यहाँका दलित, थारु र अन्य निरक्षर जनता प्रताडित भएको, मोरङ्ग रतुवामाई स्थित जनता मा.वि.का प्रधानाध्यापकलाई नेपाली काँग्रेस पार्टी कार्यालयमा बोलाई निर्घात तरिकाले कुटपिट गर्नेलाई अविलम्ब कारवाही होस्, धादिङ्ग त्रिपुरासुन्दरी गाउँपालिका ५ मा गएको पहिरोबाट नेत्रबहादुर खांडको घर पुरिनुका साथै सोही गाउँपालिका ६ मा गएको पहिरोबाट कैयौं घरधुरी विस्थापित भएकोले तत्काल उद्धार तथा राहत उपलब्ध गराइयोस्, स्थानीय निर्वाचनको केही दिन अगाडि गठबन्धन दलका उम्मेदवार एव कार्यकर्ताको भीडले बहालवाला सांसद तथा परिवारमाथि भएको आक्रमणका सम्बन्धमा के कारवाही भएको छ सो को जानकारी मा० गृह मन्त्रीले सदनमा गराउनु पर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० डा० सूर्य प्रसाद पाठक
२. मा० श्री गिरिराजमणि पोखरेल
३. मा० श्री घनश्याम खतिवडा
४. मा० श्री खेम प्रसाद लोहनी
५. मा० श्री चन्दा चौधरी

त्यसपछि प्रारम्भ भएको शून्य समयको कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला वि.क.
२. मा० श्री भुपेन्द्र बहादुर थापा
३. मा० श्री भैरवबहादुर सिंह
४. मा० श्री मनकुमारी जि.सी.
५. मा० श्री महेन्द्र कुमारी लिम्बु
६. मा० श्री महेश बस्नेत
७. मा० श्री मिनबहादुर विश्वकर्म
८. मा० श्री मिना सुब्बा
९. मा० श्री मोहन प्रसाद पाण्डे
१०. मा० श्री यज्ञराज सुनुवार
११. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
१२. मा० श्री रंगमति शाही
१३. मा० श्री राजबहादुर बुढाक्षेत्री
१४. मा० श्री राजेन्द्र कुमार राई
१५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
१६. मा० श्री रामविर मानन्धर
१७. मा० श्री रेखा कुमारी
१८. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” र “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि ५ जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दुर्गा पौडेल
३. मा० श्री दिपक प्रकाश भट्ट
४. मा० श्री गोकर्ण राज विष्ट
५. मा० श्री खगराज अधिकारी

त्यसपछि उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शेर बहादुर तामाङ
२. मा० श्री देवेन्द्र राज कंडेल
३. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
४. मा० श्री पार्वती कुमारी विशुन्के
५. मा० श्री लिलादेवी सिटौला
६. मा० श्री लक्ष्मणलाल कर्ण
७. मा० श्री भूपेन्द्र बहादुर थापा
८. मा० श्री मिन बहादर विश्वकर्म
९. मा० श्री सुरेश चन्द्र दास
१०. मा० श्री सरला कुमारी यादव
११. मा० डा० भिम बहादुर रावल
१२. मा० श्री हिरा गुरुङ्ग
१३. मा० श्री चाँदतारा कुमारी
१४. मा० श्री दल बहादुर राना
१५. मा० श्री प्रमिला राई
१६. मा० श्री गिरिराजमणि पोखरेल
१७. मा० श्री राजबहादुर बुढाक्षेत्री
१८. मा० डा० डिला संग्रौला (पंत)
१९. मा० श्री गजेन्द्र बहादुर महत
२०. मा० श्री राजेन्द्र कुमार राई
२१. मा० डा० अमरेश कुमार सिंह
२२. मा० श्री नवराज रावत
२३. मा० श्री दिव्यमणि राजभण्डारी
२४. मा० डा० सूर्यप्रसाद पाठक
२५. मा० श्री मान बहादुर विश्वकर्मा
२६. मा० श्री मन कुमारी जि.सी.
२७. मा० श्री रंगमती शाही
२८. मा० श्री खेम प्रसाद लोहनी
२९. मा० श्री तेजुलाल चौधरी
३०. मा० श्री थममाया थापा
३१. मा० श्री मिना सुब्बा
३२. मा० श्री यज्ञराज सुनुवार
३३. मा० श्री सत्य नारायण शर्मा खनाल
३४. मा० श्री विमला वि.क.
३५. मा० श्री सरिता कुमारी गिरी
३६. मा० श्री पद्म नारायण चौधरी
३७. मा० श्री मैना कुमारी भण्डारी
३८. मा० श्री राजेन्द्र कुमार के.सी.
३९. मा० श्री पुष्पा भुसाल (गौतम)
४०. मा० श्री राधा कुमारी ज्ञवाली
४१. मा० श्री पार्वता डि.सी. (चौधरी)
४२. मा० श्री मोहन प्रसाद पाण्डे
४३. मा० श्री सुजिता शाक्य
४४. मा० श्री सुजाता परियार
४५. मा० श्री गोकुल प्रसाद बाँस्कोटा

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिचाईं मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि यही २०७९ साल जेठ २७ गतेसम्मका दिनहरु तोकेकोमा विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथिको छलफल र सम्बन्धित मन्त्रीले उत्तर दिने कार्यक्रम बाँकी नै रहेकोले सो कार्यका लागि २०७९ जेठ २९, ३०, ३१ र असार १ गतेका दिनहरु थप गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत शहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७९ जेठ २९ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २९ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक साँझ ६:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव